बागमती प्रदेश सरकार

# वन तथा वातावरण मन्त्रालय

हेटौंडा, नेपाल

पत्र सङ्ख्याः- २०८०/०८१
चलानी नम्बरः- १३६०

मितिः २०८१/०३/१४

विषयः- तह वृद्धिका लागि कागजात सम्बन्धमा ।

श्री वन निर्देशनालय, हेटौंडा।
श्री वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, गोदावरी, ललितपुर ।
श्री डिभिजन वन कार्यालय, १५ वटै सबै ।
श्री भू तथा जलाधार व्यवस्थापन कार्यालय, ७ वटै सबै ।

प्रस्तुत विषयमा प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३० बमोजिम तह वृद्धि हुन तोकिएको सेवा अवधि, शैक्षिक योग्यता र पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्यांकन फाराम पेश गरेका कर्मचारीहरुले देहायमा उल्लेखित कागजात तयार गरी छुट्टा छुट्टै फाइल सहित मिति २०८१ साल असार २८ गते भित्र आफू कार्यरत कार्यालय मार्फत पठाउनु हुन अनुरोध छ।

देहायः-

- तह वृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा पाँच वर्षको सेवा अवधि पूरा भएको ।
- पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कनमा औसत पन्चानब्बे प्रतिशत अङ्क प्राप्त गरेको ।
- तह वृद्धिको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरेको।
- पाचौं तहबाट छैटौं तहमा सेवा समूहसँग सम्बन्धित विषयमा कम्तिमा प्रविणता प्रमाण पत्र तह वा कक्षा १२ उत्तीर्ण ।
- सातौं तहबाट आठौं तहमा सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण ।
- शैक्षिक योग्यता सम्बद्धता निर्धारण गर्नु पर्ने भएमा सम्बद्धता प्राप्त गरेको प्रमाण ।
- पछिल्लो पाँचवर्षको का.स.मू. फारम कुन कुन कार्यालयमा दर्ता गरिएको हो सो कार्यालयको नाम र आ.व. खुलाउने ।
- तह वृद्दिका लागि आवश्यक आ.व. का का.स.मू. :-आ.व. २०७५/०७६, आ.व. २०७६/०७७, आ.व. २०७७/०७८ आ.व. २०७८/०७९ र आ.व. २०७९/०८०
- कुनै आ.व.मा तलबी अध्ययन बिदा स्वीकृत गराई अध्ययन बिदामा रहनु भएका कर्मचारीको पछिल्लो आ.व. को का.स.मू.
- सम्बन्धित कर्मचारीको शुरु नियुक्ति पत्र, बढुवा नियुक्ति पत्र, बागमती प्रदेशमा समायोजन भएको पत्र, पदस्थापन कार्यालयमा पदस्थापन / सरुवा पत्र र PIS प्रिन्ट ।
- निलम्बन रही निलम्बन फुकुवा भएको भए फुकुवा पत्र, अध्ययन बिदा स्वीकृत गराई अध्ययन बिदामा रहेको भए स्वीकृत अध्ययन बिदाको पत्र ।

बागमती प्रदेश सरकार

# वन तथा वातावरण मन्त्रालय

हेटौंडा, नेपाल

पत्र सङ्ख्या:-

चलानी नम्बर:-

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

- बागमती प्रदेश भित्रका जिल्लाहरु बाहेक, वन तथा वातावरण मन्त्रालय, वन तथा भू संरक्षण विभाग तथा अन्य प्रदेशका जिल्लामा का.स.मू. दर्ता गरिएको भए का.स.मू. समेत पठाउनुहुन ।
- सम्बन्धित कर्मचारीको तह वृद्धि सम्बन्धी निवेदन ।
- प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३३ को खण्ड (क) (ख) (ग) (घ) र ऐ. ऐनको दफा ३४ को उपदफा १ बमोजिमको अवधिभर तह वृद्धि रोक्का गरिनेछ ।
- सहायकस्तर चौथो तहमा कार्यरत प्रदेश निजामती सेवाका कर्मचारी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ८ को उपदफा २ बमोजिम स्वत: पाँचौ तहमा तह वृद्धिका लागि पेश गर्नुपर्ने कागजात :
    - निवेदन
    - शुरु नियुक्ती पत्रको फोटोकपी
    - बागमती प्रदेशमा समायोजन भएको समायोजन पत्र
    - PIS
    - हालको पदमा पदस्थापन भएको पत्र/सरुवा पत्र

२०८१।४।१४

.............................

धिरेन्द्र कुमार प्रधान

प्रदेश सचिव

प्रदेश सचिव